नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

बबरमहल काठमाडौं

प्रथम पटक प्रकाशित मिति २०७६/५/२९

## वनजन्य उद्यम प्रवर्द्धन विकास तथा वन उद्यम उपकरण खरिद अनुदानको लागि सिलबन्दी प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

यस विभागको आ.व.२०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लिखित कार्यक्रमहरुमा अनुदान सहयोगको लागि बजेटको व्यवस्था भएको हुँदा वन पैदावारमा आधारित उद्यम स्थापना र सञ्चालनको लागि इच्छुक नियमानुसार दर्ता भएका वन समूह तथा वनजन्य उद्यम सम्वन्धी उद्देश्य भएका अन्य समूह तथा सहकारी संस्थाहरुले मिति २०७६/६/२७ गतेभित्र वन तथा भू-संरक्षण विभाग ववरमहल काठमाडौंमा तोकिएको ढाँचामा अनुदानको लागि सिलवन्दी प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । स्वीकृत कार्यविधि, विस्तृत सूचना र प्रस्तावको ढाँचा प्राप्त गर्नका लागि वन तथा भू-संरक्षण विभागमा सर्म्पक गर्नु हुन अनुरोध छ । म्याद भित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशील

| क्र. सं. | कार्यक्रमको नाम | वजेट उपशीर्षक | खर्च शीर्षक | वजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | वनजन्य उद्यम प्रवर्द्धन विकास अनुदान (अन्य) | ३२९०११०१ | २६४१३ | १००० | |
| २ | वन उद्यम उपकरण खरिद अनुदान (अन्य) | ३२९०११०१ | २६४१३ | ३०० | |

द्रष्टव्य :

१. अनुदान रकम कुनै एउटा समूह/संस्थालाई प्रस्ताव मूल्याङ्कनका आधारमा बढीमा २० लाखसम्म उपलब्ध हुनेछ ।

२. प्रस्तावित आयोजनाको ५० प्रतिशत अंश सम्वन्धित समूह/संस्थाले व्यहोर्नु पर्नेछ ।

३. अनुदान प्रस्ताव तोकिए बमोजिमको ढाँचामा हुनु पर्नेछ र प्रस्ताव साथमा दर्ता प्रमाणपत्र, नियमन गर्ने निकायको सिफारिस र विस्तृत लागत अनुमान अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४.थप जानकारीको लागि वनजन्य उद्यम प्रवर्द्धन तथा विकासका लागि अनुदान सम्वन्धी कार्यविधि,२०७५ (प्रथम संशोधन) २०७६, विस्तृत सूचना, र प्रस्तावको ढाँचा विभागको वेवसाइट www.dof.gov.np हेर्न सकिनेछ ।

Scanned by CamScanner